नेपाल सरकार

## शिक्षा मन्त्रालय

### परीक्षा नियन्त्रण कार्यालय सानोठिमी, भक्तपुर

### २०७४ सालको माध्यमिक शिक्षा परीक्षा (नियमित, एक्जेम्टेड तथा प्राविधिक) को समय तालिकासम्बन्धी सूचना

राष्ट्रिय परीक्षा बोर्डको मिति २०७४।९।५ को निर्णयानुसार २०७४ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा १० को परीक्षा देहायबमोजिमको कार्यतालिकाअनुसार सञ्चालन गर्ने-गराउने निर्णय भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

## समय तालिका

### परीक्षा सञ्चालन समय : बिहान ८.०० बजे देखि ११.०० बजेसम्म

| क्र.सं | मिति | विषय |
|---|---|---|
| १ | २०७४ साल चैत्र ८ गते बिहीबार | अनिवार्य अङ्ग्रेजी |
| | | वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत भाषा र साहित्य/अनिवार्य अङ्ग्रेजी |
| २ | २०७४ साल चैत्र ९ गते शुक्रबार | अनिवार्य नेपाली |
| | | गैर नेपाली विद्यार्थीहरूका लागि अङ्ग्रेजी ( Elective English) |
| ३ | २०७४ साल चैत्र १२ गते सोमबार | अनिवार्य गणित |
| ४ | २०७४ साल चैत्र १३ गते मंगलबार | अनिवार्य विज्ञान |
| | | वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत व्याकरण तथा अनुवाद |
| ५ | २०७४ साल चैत्र १४ गते बुधबार | अनिवार्य सामाजिक अध्ययन |
| | | प्राविधिक तर्फ : Farm Management and Marketing/Engineering Drawing/Computer Repair and Maintenance,Basic Music |
| ६ | २०७४ साल चैत्र १५ गते बिहीबार | अनिवार्य स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा |
| | | वेदविद्याश्रमतर्फ : वेद वा नीतिशास्त्र |
| | | संस्कृततर्फ : ऐच्छिक प्रथमका सवै विषयहरु |
| | | प्राविधिक तर्फ : Aquaculture and Fisheries/Electrical Measurement and Instrument/Computer Networks/Engineering Surveying, Music of Nepal |
| ७ | २०७४ साल चैत्र १६ गते शुक्रबार | ऐच्छिक प्रथमका सवै विषयहरु, संस्कृततर्फ :अनिवार्य संस्कृत भाषा |
| | | वेदविद्याश्रमतर्फ : : ऐच्छिक विषयहरू |
| | | प्राविधिक विषयतर्फ : ऐच्छिक गणित (Optional Maths) |
| ८ | २०७४ साल चैत्र १७ गते शनिबार | साधारण तथा संस्कृततर्फ : ऐच्छिक द्वित्तीय विषयहरु |
| | | वेदविद्याश्रमतर्फ : कर्मकाण्ड वा फलित ज्योतिष |
| | | प्राविधिक विषयतर्फ : Vegetable and Medicinal plant Production / Dairy and Dairy Products/ Utilization of Electrical Energy/ Database management System/ Building Construction / Music Technology |
| ९ | २०७४ साल चैत्र १८ गते आइतबार | प्राविधिक विषयतर्फ : Crop production/ Small Ruminant Production and Management / Electronic device and circuit /Water resources Engineering/ Instrument Keyboard |
| १० | २०७४ साल चैत्र १९ गते सोमबार | प्राविधिक विषयतर्फ : Industrial Entomology and Mushroom /Animal health–II /Electrical Machine/ Microprocessor/ Highway Engineering/ Music Business and Program Management |
| ११ | २०७४ साल चैत्र २० गते मंगलबार | प्राविधिक विषयतर्फ : Floriculture and Nursery Management/ Veterinary Laboratory Techniques/ Industrial Installation and Maintenance/ Object Oriented Programming/ Estimating Costing and Supervision/ Optional subject (Singing, Musical Instrument, Dance) |

**द्रष्टव्य**

१. कुनै आकस्मिक बिदा पर्न गएमा पनि परीक्षा नियन्त्रण कार्यालयको पूर्वसूचना विना परीक्षा स्थगित हुनेछैन ।

२. नियमित तथा एक्जेम्टेड दुवै समूहतर्फको परीक्षा उल्लिखित तालिकाअनुसार एउटै समयमा नियमितको नयाँ पाठ्यक्रम र एक्जाम्टेडको पुरानो पाठ्यक्रममा आधारित प्रश्नहरुबाट हुनेछ ।

३. परीक्षा हलमा प्रवेश गर्न प्रवेशपत्र अनिवार्य हुनेछ ।

४. परीक्षा केन्द्रहरुको जानकारी सम्बन्धित जिल्ला शिक्षा कार्यालयहरुबाट हुनेछ ।

५. तोकिएको केन्द्र र तालिकाअनुसार परीक्षामा सामेल नहुने परीक्षार्थीहरुलाई परीक्षाको अर्को व्यवस्था गरिने छैन ।

६. प्रवेशपत्रमा उल्लेख भएको सिम्बोल नम्बरबाट नै परीक्षा दिनुपर्नेछ । कोड नम्बरमा परीक्षा दिएमा सो परीक्षा स्वतः रद्द हुनेछ ।

७. नियमित तथा एक्जेम्टेड दुवै समूहका परीक्षार्थीहरुको परीक्षा केन्द्र परिवर्तन हुनेछैन ।

८. मूल तथा थप उत्तरपुस्तिकाको व्यवस्था परीक्षा नियन्त्रण कार्यालयबाट नै गरिनेछ ।

९. परीक्षासम्बन्धी कुनै कुरा स्पष्ट नभएमा परीक्षा नियन्त्रण कार्यालय सानोठिमीको फोन नं. (६६३०७३९, ६६३००७०, ६६३११४६) मा सम्पर्क गर्न सकिनेछ । यो विवरण परीक्षा नियन्त्रण कार्यालयको website: www.soce.gov.np मा पनि हेर्न सकिनेछ ।

परीक्षार्थीले रजिष्ट्रेशन/आवेदन फारम भर्दा फारममा उल्लेख गरेको जन्ममिति वा नाम थरको हिज्जे यस कार्यालयबाट उपलब्ध गराइएको कन्ट्रोल लिष्टसँग रुजु गरी फरक पाइएमा र उक्त फरक परेको विवरण संशोधन गर्नुपर्ने भएमा सम्बन्धित विद्यालयले संशोधन गर्नुपर्ने विवरण २०७५ साल बैशाख मसान्तभित्रमा यस कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन अनुरोध छ । अन्यथा उक्त विवरण संशोधन गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ ।